Educational Journal
May, 2025, Volume-4, Issue-1
DOI: https://doi.org/10.3126/ej.v4i1.86175
Research Management Cell,
Tribhuvan University, Sanothimi Campus, Sanothimi, Bhaktapur

# आधुनिक साहित्य र अनुसन्धान

*डा. बद्रीप्रसाद भट्टराई*
मुख्य कार्यालय सहायक
त्रिभुवन विश्वविद्यालय, सानोठिमी क्याम्पस, सानोठिमी, भक्तपुर
*badribhattarai21@gmail.com*

## लेखसार

*आधुनिक साहित्य र अनुसन्धानका क्रममा अँगालिने क्रमवद्ध नियम, तरिका वा कार्यप्रणालीलाई आधुनिक साहित्यको अनुसन्धान पद्धति भनिन्छ। अनुसन्धानमा समस्या अनुरूप समाधानका निमित्त विभिन्न प्रकारका पद्धतिको प्रयोग गरिन्छ। प्रत्येक अनुसन्धान पद्धतिका आफ्ना आफ्नै प्रकारका उपयोगिता र सीमा हुन्छन् । एउटा समस्याविशेषको समाधानका लागि एउटै मात्र वा धेरै अनुसन्धान पद्धतिको प्रयोग गर्न सकिन्छ। सौन्दर्यशास्त्रीय, शैलीवैज्ञानिक, भाषावैज्ञानिक, मनोवैज्ञानिक, समाजशास्त्रीय जस्ता विषयका वीचमा विभिन्न अर्न्तविषयक पक्ष गाँसिएका हुन्छन् । सामाजिक, आर्थिक, राजनैतिक, दार्शनिक, साहित्यिक जस्ता कुनै पनि विषयको अर्को विषयसँग सह-सम्बन्ध राखेर मात्र पूर्ण अध्ययन गर्न सकिन्छ । एउटा विषय मात्र नभएर अर्न्तविषयात्मक पद्धतिवाट आजको अध्ययन अधि वढाइने भएकाले जटिल मिश्रित विशिष्टिकृत समाजमा गरिने अध्ययन अनुसन्धानको विभिन्न अर्न्तविषयक समस्याहरू पनि गाँसिएका हुन्छन् । अर्न्तविषयक समस्याहरूको अध्ययन अनुसन्धानका रूपमा आधुनिक साहित्यको अनुसन्धान गरिदा आजको अनुसन्धानले पुर्णता पाउने हुँन्छ । पुस्तकालय विधिको प्रयोग गरी यिनै कुराको अध्ययनको व्याख्यात्मक प्रस्तुती यस लेखमा गरिएको छ ।*

**विशेष शब्दकुञ्जी** : *मनोवैज्ञानिक, शैलीवैज्ञानिक, समाजशास्त्र, सौन्दर्यशास्त्र*

## विषय परिचय

साहित्यले समय, स्थान एवम् समाजको आवश्यकता अनुसार कुनै विशेष परिस्थितिलाई जोड दिने गर्दछ। आधुनिक साहित्य व्यञ्जना प्रधान र प्रतीकात्मक भइरहेको छ। साहित्यका कविता, कथा, निबन्ध, कहानी, उपन्यासहरूमा व्यञ्जना प्रधान र प्रतीकात्मक प्रवृत्ति बढिरहेको कारणले साहित्यमा बौद्धिकता आएको छ । यस बौद्धिकतामा ज्ञान-विज्ञानका अनेक शाखाहरूको योगदान छ । साहित्यका विद्यार्थीले केवल साहित्य पढ्दैमा उसको साहित्यिक जानकारी बढ्छ भन्न सकिदैन । समाजशास्त्र, इतिहास, दर्शन, मनोविज्ञान एवं ज्ञानविज्ञानका अन्य शाखाहरूबाट पनि परिचित हुन आवश्यक छ । ज्ञान-विज्ञान अनेक शाखामा विभक्त देखिन्छ। अनुसन्धानकर्तालाई अन्वेष्य विषय साहित्यमा कति प्रतिविम्बित भएको छ भन्ने नभई साहित्यद्वारा अन्वेष्य विषयका सम्बन्धमा कुन प्रकारको बोध हुन्छ भन्ने हो । अर्को कुरा साहित्यका उपकरणका सम्बन्धमा छ । लेखकले साहित्यका उपकरणको कसरी उपयोग गऱ्यो ? त्यसले कतिसम्म सफलता प्राप्त गऱ्यो ? भन्ने प्रश्नसँगै अनुसन्धानात्मक विषयवस्तुको अन्वेषण साहित्यमा हुने गरेको

पाइन्छ । हाल अर्न्तविषयक अनुसन्धानमा साहित्यिक विषयको चित्रण कसरी भएको छ भन्ने नभै साहित्यद्वारा यिनका सम्बन्धमा कुन प्रकारको बोध प्राप्त हुन्छ भन्ने हो । साहित्य चिन्तनको आधारमा साहित्यका कविता, नाटक रंगमञ्च, उपन्यास, कथा, आत्मकथा, निबन्ध, कहानीमा अर्न्तविषयक अनुसन्धानको प्रभाव कस्तो रहेको छ भन्ने अनुसन्धान हुन आवश्यक देखिन्छ । यो अर्न्तविषयक साहित्यिक अनुसन्धानको सौन्दर्यशास्त्रीय, शैलीवैज्ञानिक, मनोवैज्ञानिक र समाजशास्त्रीय स्वरूप आधुनिक अनुसन्धान र साहित्यसँग कसरी केन्द्रित हुन्छ भन्ने कुराको अध्ययन यहाँ गरिएको छ ।

## समस्याकथन

साहित्यको उपयोग एक माध्यम वा साधनका रूपमा मात्र हुदैन, त्यो स्वयंमा एक सिद्ध वस्तु पनि हुन्छ । साहित्यमा कला फरक र कला बाह्यपक्ष हुन्छ । साहित्यको यो दोस्रो कला बाह्यपक्ष अनुसन्धानाध्ययनमा अन्तः साक्ष्यका रूपमा काम आउँछ । अर्कोतर्फ साहित्यको कलापरक रूप पनि परिपूर्ण स्वायत्त, स्वयंसिद्ध भएकोले स्वतन्त्र अध्ययन गर्न सकिन्छ । साहित्यमा ज्ञानका अलग अलग अनुशासन एकत्रित गर्ने प्रयास गर्नु जरूरी छ, गरिदै पनि छ । यस्तो एकत्रीकरण साहित्यमा देख्न सकिन्छ । ज्ञानलाई पचाउन नसकिएमा ज्ञान पाठकको संवेदना अंश नभएसम्म साहित्यिक ज्ञान बढ्न सक्तैन । आधुनिक साहित्यमा अनुसन्धानलाई संश्लिष्ट रूपमा चिन्नुपर्दछ यस चिनारीको ज्ञान गर्नका लागि प्राथमिक रूपमा साहित्यमा निहित ज्ञान विज्ञानका शाखाहरूका सन्दर्भको खोज गर्नुपर्दछ । साहित्य चिन्तनको आधारमा साहित्यका कविता, नाटक रंगमञ्च, उपन्यास, कथा, आत्मकथा, निबन्ध, कहानी जस्ता विद्याहरू रहेका छन् । अर्न्तविषयक साहित्यिक अनुसन्धानमा सौन्दर्यशास्त्रीय, शैलीवैज्ञानिक, मनोवैज्ञानिक र समाजशास्त्रीय स्वरूपसँग आधुनिक साहित्य र अनुसन्धानको अवस्था कस्तो रहेको छ भन्ने समस्याको कथनमा यो अध्ययन केन्द्रित रहेको छ ।

## उद्देश्य

साहित्यमा कविता, नाटक रंगमञ्च, उपन्यास, कथा, आत्मकथा, निबन्ध, कहानी जस्ता विद्या रहेका छन् । यी विद्यासँग जोडिन आउने आधुनिक साहित्यक र अनुसन्धानका सौन्दर्यशास्त्रीय, शैलीवैज्ञानिक, मनोवैज्ञानिक र समाजशास्त्रीय अर्न्तविषयक स्वरूपको अवस्था पहिचान गर्नु नै यो अध्ययनको उद्देश्य हो ।

## अध्ययनको औचित्य

यस अध्ययनले नेपाली साहित्यशास्त्र नेपाली साहित्यिक रचनाहरूका आधारमा लेखिनुपर्ने तर आज पनि संस्कृत साहित्यशास्त्र एवं अंग्रेजी साहित्यशास्त्रमा अधिकतम निर्भर छ । यस कमीलाई हटाउन साहित्यिक अनुसन्धान आवश्यक छ । साहित्यिक चिन्तनको आधारमा साहित्यमा कविता, नाटक रंगमञ्च, उपन्यास, कथा, आत्मकथा, निबन्ध, कहानी जस्ता विषय पर्न आउँछन् । यी विषयसँग सौन्दर्यशास्त्रीय, शैलीवैज्ञानिक, मनोवैज्ञानिक र समाजशास्त्रीय अर्न्तविषयक स्वरूप समावेश भएका हुन्छन् । यो अध्ययनले आधुनिक साहित्य र अनुसन्धानसँग सौन्दर्यशास्त्रीय, शैलीवैज्ञानिक, मनोवैज्ञानिक र समाजशास्त्रीय अर्न्तविषयक स्वरूपको अवस्था पहिचान गर्ने आधारलाई व्यवस्थित र स्तरीय तुल्याउने छ । यसले अर्न्तविषयक स्वरूपको अवस्था पहिचानलाई समेत सहयोग पुऱ्याउने हुँदा अध्ययनको औचित्य रहेको छ ।

## सामग्री सङ्कलन विधि

समस्या कथनमा उल्लेख गरिएको समस्याको प्रमाणिक समाधानका लागि दुई प्रकृतिका सामग्रीको सङ्कलन गरिएको छ । पहिलो प्रकृतिका कविता, नाटक रंगमञ्च, उपन्यास, कथा, आत्मकथा, निबन्ध, कहानीमा सौन्दर्यशास्त्रीय, शैलीवैज्ञानिक, मनोवैज्ञानिक र समाजशास्त्रीय सामग्रीलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ । विभिन्न विद्वान्हरूका विचारलाई द्वितीयक सामग्रीका रूपमा लिई अध्ययन गरिएको छ । आवश्यक सामग्री पुस्तकालय विधिबाट सङ्कलन गरिएको छ ।

### *सामग्री विश्लेषण विधि*

सामग्री विश्लेषण विधिमा साहित्य र अनुसन्धानसँग सम्बद्ध सिद्धान्तहरूलाई आधार मानि आवश्यक विवरण सङ्कलन गरी व्याख्यात्मक विधिको उपयोग गरिएको छ ।

### *सैद्धान्तिक आधार*

सामग्री विश्लेषण सैद्धान्तिक आधारका लागि विभिन्न विद्वान्हरूद्वारा साहित्यका कविता, कथा, निबन्ध, कहानी, उपन्यासहरूमा समाजशास्त्र, मनोवैज्ञानिक, भाषा-वैज्ञानिक, शैलीवैज्ञानिक आधुनिक साहित्यको अनुसन्धान स्वरूपको अवस्था पहिचान गर्ने सिद्धान्तहरूलाई आधार मानिएको छ ।

आधुनिक साहित्यको सबभन्दा ठूलो समस्या प्रेषणीयता हो । यसलाई समिक्षा या अनुसन्धान मध्ये केले प्रेषणीय बनाउँछ ? साहित्यको चिनारी नहोउन्जेल मूल्याङ्कन र अनुसन्धान दुवै गर्न सकिदैन । आधुनिक साहित्यलाई प्रेषणीय बनाउन आवश्यक सन्दर्भ दिनु जरूरी छ । यो आवश्यक सन्दर्भ एक अर्थमा साहित्यको सृजना प्रक्रियाको भाग हो । यस आवश्यक सन्दर्भमा आधुनिकता छ । पहिलो काम साहित्यमा जानकारी बढाउनु हो । साहित्यमा जुन प्रकारको भाषाको उपयोग हुन्छ त्यस भाषाको संस्कार प्राप्त नभएसम्म संवेदना विस्तार हुदैन । साहित्यको माध्यमबाट नै पाठकका संवेदना विस्तार हुन्छन् (राजुरकर, १९९७, पृ. ९) । अर्को अर्थमा भाषा वस्तु, पात्र, संवाद, वातावरण जस्ता  तत्व रचनाका अंग हुन् । रचना त एक जीवित एकाइ हुन् त्यसमा यी अंगद्वारा रचनाकारको जीवनानुभूति अभिव्यक्त हुन्छ । जुन प्रकार जीवनको चेतना ब्रह्म चेतनाका रूपमा व्यक्त हुन्छ त्यही प्रकार रचनाकारको अनुभूति चेतना विभिन्न साहित्य रूपहरूको माध्यमबाट अभिव्यक्त हुन्छ (चलेर, १९९७, पृ. १९७) । चेतनाको ग्रहण साहित्य रूपको समग्रताद्वारा नै सम्भव छ ।

साहित्य मूलतः आत्मचरित्रात्मक हुन्छ । यो आत्मचरित्रात्मकता मुख्यतः अभिव्यक्तिका लागि ल्याउने अनुभवहरूको संवेदनात्मक  महत्व बोध हो । लेखकसँग संवेदनात्मक  महत्व बोध नभएमा या क्षीण भएमा ती विशिष्ट अनुभवहरूको अभिव्यक्ति क्षीण हुन्छ (गजानन, १९८९, पृ. ९३) । प्रयत्न अधुरा हुन्छन् । यिनलाई स्पष्ट गर्नाले मानवीय मूल्य पनि स्पष्ट हुन्छन् । आधुनिकताका सन्दर्भलाई पहिचान गरेर साहित्यकारको संवेदनात्मक उद्देश्य बताउन सकिन्छ र त्यस स्थितिमा नै साहित्यिक अनुसन्धानको प्रयोजन हुन सक्छ । साहित्यिक विषयमा अनुसन्धान गर्दा ज्ञान-विज्ञानका अन्य शाखाहरूमा नित्य भइरहेका कार्यबारे विचार गर्नुपर्दछ । समवर्गी शाखाहरूका उपलब्धिहरूको परिचयको अभावमा आधुनिक साहित्यमा अनुसन्धान सम्भव देखिदैन (राजुरकर, १९९७, पृ ख) । साहित्यको सम्बन्ध विचारहरूको अपेक्षा भावसँग बढी छ । गद्यविचार प्रधान हुन्छ भाव प्रधान होइन । गद्य पद्यको विभाजन स्वयंमा विचार प्रधान तथा भाव प्रधान रूपमा हुन्छ ।

आधुनिक कालमा 'कविता' शुद्ध साहित्यको विधा रहेको छ । आधुनिक साहित्यका प्रवृत्ति आज गद्य साहित्यको अपेक्षा कविताका साथ बढी जोडिएको छ । कुनै वाद वा आन्दोलनको सम्बन्ध गद्यको अपेक्षा

पद्यका साथ बढी मान्नुपर्दछ । यसको कारण आज कविता साहित्यको बदलिने प्रतिमान बुझ्न सहायक हुन्छ (राजूरकर, १९९७, पृ ख) पहिले सबै विषय पद्यमा लेखिन्थे साहित्येतर विषय पनि पद्यमा लेखिन्थे । गद्यको प्रचार भएपछि साहित्य इतर विषयलाई पद्यबाट मुक्ति मिल्न गएको छ । गद्य, पद्यको स्थूल विभाजनको कारण आधुनिक कालका साहित्यमा पद्यको सम्बन्ध साहित्यसँग रहेको छ । यस क्रममा आधुनिक कालमा कविता शुद्ध साहित्यिक विधा रहेको छ। शुद्ध कवित्वको साधनको अनुपातमा अन्तर्राष्ट्रिय काव्यमा दुरूहताको वृद्धि त्यही अनुपातमा हुँदै आएको छ । कविताले दर्शन, इतिहास, समाजशास्त्र, धर्म, नैतिकता छोडेर शुद्धतातिर बढ्दा सामाजिकता, सुख, दुःख, भावना, समस्यालाई पाठकले अनावश्यक मानेर त्यसतिरबाट मुख मोडेका छन् र अरू कसैका लागि नभई आफ्ना लागि लेख्नुपरेको छ (राजूरकर, १९९७, पृ. छ) । यसबाट आधुनिक साहित्यमा अनुसन्धानकर्ताले यी कुराको उत्तर खोज्नु जरूरी छ ।

आधुनिक काललाई गद्य प्रधान भनिन्छ । गद्यका अनेक विधाहरूको विकास यी दिनमा भइरहेका छन् । कहानी, उपन्यास, एकाङ्की, निबन्ध, डायरी, रिपोर्ताज, जीवनी, संस्मरण आदि प्रमुख गद्य विधा हुन् । यी विधाहरूका अरू पनि भेद छन् । गद्यका यी विधाहरूको सम्बन्ध ज्ञान विज्ञानका समस्त शाखाहरूसँग छ । निबन्ध गद्यको केन्द्रीय विधा हो । कविता चाहिँ साहित्यकै केन्द्रीय विधा हो (राजूरकर, १९९७, पृ. ख) । ज्ञान विज्ञानका साहित्येतर शाखाहरू गद्यसँग सम्बन्ध राख्छन् र गद्य मूलतः विचारप्रधान छ । गद्यका विधाहरूलाई छाडेर पद्यमा नै विचार गरेमा पनि के प्रतीत हुन्छ भने आजको कविता गद्यबाट प्रभावित भैरहेको छ । कविता स्वयं गद्यमय भइरहेको छ । यस्तै गद्य-साहित्य जो अधिक रागमयी एवम् लालित्ययुक्त छ पद्यमय भइरहेको छ । पहिले कविता गीतयुक्त भएपनि गद्यको प्रभावबाट कविता गीतबाट अलग भएको छ । ठीक यही प्रकार गीतको प्रभाव गद्यमा पनि परेको छ र गद्य-गीत लेखिइरहेको छ । आधुनिक कालमा साहित्यका विभिन्न रूपको विकास भएको छ । यो गद्य र पद्य दुवैमा भएको छ (राजूरकर, १९९७, पृ. छ)। यी रूपहरूको प्राविधिक चिनारीका साथमा आधुनिक साहित्य र अनुसन्धानको कार्य जोडिएको छ । आधुनिक साहित्यका कविता, नाटक रंगमञ्च, उपन्यास, कथा, आत्मकथा, निबन्ध, कहानीहरूमा सौन्दर्यशास्त्रीय, शैलीवैज्ञानिक, मनोवैज्ञानिक र समाजशास्त्रीय अध्ययन गर्न सकिने आधार निर्माण भएको छ ।

### सीमाङ्कन

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य साहित्यका कविता, नाटक रंगमञ्च, उपन्यास, कथा, आत्मकथा, निबन्ध, कहानीमा सौन्दर्यशास्त्रीय, शैलीवैज्ञानिक, मनोवैज्ञानिक र समाजशास्त्रीय आधुनिक साहित्यको अनुसन्धान स्वरूपको अवस्था पहिचान कस्तो रहेको छ त्यसको मात्र विश्लेषण गर्नु यसको सीमा रहेको छ ।

## नतिजा तथा बिश्लेषण

यस खण्डमा आधुनिक साहित्य र अनुसन्धान का सन्दर्भमा निम्नानुसारका उपशीर्षकमा केन्द्रित रही नतिजा तथा विश्लेषण प्रस्तुत गरिएको छ।

### सौन्दर्यशास्त्रीय अनुसन्धान

आधुनिक युगमा ज्ञानको विशिष्टता भएकाले ज्ञानमा कतिपय नयाँ शाखाहरू सौन्दर्यशास्त्रीय अनुसन्धानका रूपमा उदय भएका छन् । यो नयाँ सौन्दर्यशास्त्रीय अनुसन्धानका परिप्रेक्ष्यमा गरिएको साहित्यिक अनुसन्धानलाई अर्न्तविषयात्मक अनुसन्धान भनिन्छ । सौन्दर्यशास्त्रजस्तो आधुनिक आधारमा गरिएको साहित्यिक अनुसन्धानलाई सौन्दर्यशास्त्रीय अनुसन्धान भनिन्छ । बालकृष्ण पोखेल र अन्यले

सौन्दर्यलाई राम्रो बनाउने  तत्व, सुन्दर हुनाको भाव, सुन्दरताका दृष्टिले वस्तुलाई ग्रहण गर्ने चेतनाः साहित्यका क्षेत्रमा प्रगाढ भूमिका खेल्ने चेतना, सुन्दर र असुन्दरका बीचमा रहेका अन्तर्बोध, लालित्य, कोमलता, शिष्ठता, माधुर्य आदि तर्फको झुकाउ, विशुद्ध सुन्दरताको प्राप्तिलाई लिएका छन्  (पोखरेल, २०४०, पृ. १३८०) । साहित्य सामाजिक एवं सांस्कृतिकताका पृष्टभूमिबाट प्राप्त साहित्यकारको संश्लेषि तर निजी अभिव्यक्ति भएतापनि यसको लेखन निश्चित नियम र अनुशासनद्वारा निर्देशित हुन्छ । यस्तो प्रकारको लेखन प्रक्रियाको अनुशासन र नियम नै साहित्यमा सौन्दर्यशास्त्र हो । साहित्य लेखनको व्यावहारिक पक्ष, यसले पार्ने सामाजिक प्रभावको विश्लेषण र मूल्यांकनबाट नै साहित्य सौन्दर्यशास्त्रका नियमहरू स्थापित हुने गर्दछन् ।

सौन्दर्य शास्त्रीय शोधको क्षेत्र व्यापक छ । यसमा जीवनका सबै मानवीय, आध्यात्मिक, नैतिक र प्राकृतिक पक्ष आउँछन् । साहित्य वा कवितामा भाव, कल्पना र अभिव्यक्ति  तत्वहरूमा सामञ्जस्यता रहन्छ (सिंहल, १९९७, पृ. १६०) । कडवेल कवितालाई मानव मनको प्राथमिक सौन्दर्यव्यापार मान्दै इतिहास, धर्म, जादू, टुना र विधिलाई पनि यस अन्तर्गत अधिगृहीत भएको मान्दछन् ( सीदारोव, १९८७, पृ. १०) । सौन्दर्यशास्त्र सौन्दर्यको अध्ययनकर्ता शास्त्र हो । साहित्यमा सौन्दर्य साहित्यिक कृतिको प्राण अथवा चेतनाका रूपमा रहन्छ । कोचेका अनुसार सौन्दर्यशास्त्रलाई लिखित कलाको दर्शन मानिन्छ । यति भएर पनि सौन्दर्यशास्त्रीय अध्ययन आवश्यक हुन्छ । साहित्य सर्वश्रेष्ठ कला भएको सर्वविदित छ । यसैले सौन्दर्यशास्त्रलाई कला विज्ञानको कलाशास्त्र मानिन्छ । जेम्स डेवर यसलाई सुन्दर असुन्दरको वैज्ञानिक तथा दार्शनिक अध्ययन मान्दछन् (ए डिक्सनरी अफ साइक्लोजी,  १९८३,  पृ. १०) । सौन्दर्यशास्त्रको सौन्दर्यानुभव अन्य भौतिक अनुभवहरूसँग भिन्न छ ( जर्ज एलेन र अन्य, १९७९, पृ. २-३) । जीवनमा यसको मूल्य विवेचना गर्नु पर्दछ ।

अर्न्तविषयात्मक अनुसन्धानअन्तर्गत सौन्दर्यशास्त्रीय दृष्टिले साहित्यमा अनुसन्धान हुनु आवश्यक छ । सौन्दर्यशास्त्रीय वा अर्न्तविषयात्मक स्तरको अनुसन्धान सिद्धान्त पक्षका लागि पहिले अनुसन्धान रचनाको स्वरूप बोधमा ध्यान दिन जरूरी हुन्छ । कला, कलारचना, कलाकृतिको दर्शन, मीमांसा, इतिहास र आसयलाई संयोजित गर्ने विद्या तथा विज्ञानलाई सौन्दर्यबोधशास्त्र भनिन्छ (डा. रमेश कुन्तल) । सौन्दर्यसत्तालाई सीमाबद्ध गर्न सकिदैन । प्रकृति र मानव जीवन तथा मानवका सबै सृजनात्मक क्रियाकलाप सौन्दर्य हुन् । यी सौन्दर्यका अभावमा कलात्मक सौन्दर्यको व्याख्या असम्भव नै मानिन्छ । यसैले सौन्दर्यशास्त्रको विषय त्यो समग्र सौन्दर्यको व्याख्या हो जुन प्रकृति मानव जीवन र कलाहरूमा अभिव्यक्त हुन्छ । साहित्यको सौन्दर्यशास्त्रीय अनुसन्धानमा अनुभूतिगत र अभिव्यक्तिगत सौन्दर्यको अध्ययन हुन्छ (सिंहल, १९९७, पृ. १५९) । यस प्रकार सौन्दर्य शास्त्रीय अनुसन्धान अन्तर्गत आफ्ना अनुभूति, प्रत्यक्ष स्मृति, कल्पना, आदिद्वारा आनन्द उत्पन्न गर्ने वस्तुका गुण, प्रकृति मानव जीवन तथा ललित कलाहरूको आनन्द दायक गुण अथवा स्थूल या सूक्ष्म जगत्मा आत्माको अभिव्यक्तिको अध्ययन गरिन्छ ।

साहित्यकारको दृष्टि सौन्दर्यतिर अनिवार्य मानिन्छ चाहे त्यो वस्तुहरूको रंग रूपमा होस् वा मनुष्यका मन वचन र कर्ममा होस् । यस प्रकारका भावको सौन्दर्यबाट दीप्त शब्द अर्थको सौन्दर्य साहित्य बन्छ । अनुभूति सौन्दर्यमा भाव कल्पनाको विवेचन आउँछ र अभिव्यक्तिमा अलंकार, बिम्ब-प्रतीक छन्द र भाषागत सौन्दर्य आउँछ । यसका साथै मानव र प्रकृतिको आलम्वन रूप सौन्दर्य पनि अन्तर र बाह्य आधारमा सौन्दर्यशास्त्रीय अध्ययनमा ग्रहण गरिन्छ । बाह्य सौन्दर्यमा शारीरिक गठन, वर्णन, मुद्राहरूको सौन्दर्य देखाइन्छ भने आन्तरिकमा जीवनलाई सौन्दर्यता प्रदान गर्ने गुणहरूको सौन्दर्य हेरिन्छ । यस प्रकार साहित्यमा अर्न्तविषयात्मक अनुसन्धान हुनु अत्यन्त आवश्यक छ । सौन्दर्यशास्त्र वा अर्न्तविषयात्मक

स्तरको कुनै पनि अनुसन्धानमा सिद्धान्त पक्षका लागि अनुसन्धान रचनामा उपलब्ध बोधमा ध्यान दिनु जरूरी छ ।

## शैलीवैज्ञानिक अनुसन्धान

शैलीको अध्ययन नै शैलीवैज्ञानिक अनुसन्धान हो । साहित्यिक रचनामा लेखकको व्यक्तित्व विशेषको छाप दिने वा विषयवस्तुको अनुकूल भाव अभिव्यक्त हुने खास ढाँचा शैली हो (पोखेल, २०४०, पृ. १२६७) । विचार  तत्व वा अनुभूति रचना रूपमा रूपायित हुनासाथ शैलीको उदय हुन्छ । अभिव्यक्त विचार  तत्वमा सारा परिवेश सन्दर्भ, परिस्थिति प्रस्तुत गर्न शैलीको सामर्थ्यको निर्भरता रहन्छ । भाषाको संरचनात्मक व्याख्यालाई लिएर काव्यशास्त्र र भाषा विज्ञानको परम्परामा शैली विज्ञान एक नवीनतम विज्ञान हो । साहित्यको शैली तात्विक अध्ययन भाषाको भाषा-वैज्ञानिक विश्लेषणको विधिसँग पुष्ट रहन्छ । शैलीवैज्ञानिकका लागि भाषा वैज्ञानिक हुनु अनिवार्य छ । भाषा वैज्ञानिक शैलीवैज्ञानिक साहित्यको संरचनात्मक व्याख्या गर्न सक्षम हुन्छ ।

शैली भाषा तथा अभिव्यक्तिको उद्देश्य र प्रसंग जोड्ने सूत्रको नाम हो । यहाँ भाषा पक्षको अपेक्षा साहित्यपक्षका दृष्टिले शैली बुझ्नुपर्दछ । साहित्यिक रचनामा शैलीको आधारभूत  महत्व रहन्छ । शैली विशेषले कुनै पनि रचना साहित्यिक बन्दछ । यसरी बनेको साहित्यिक कृति तथा त्यसको साहित्यिक संस्कृतिको सौन्दर्यात्मकताले पाठक समीक्षकलाई अनुभव गराउँदछ । यस प्रकार विषय र रूपको समन्वित कथन भंगिमा शैली हो । साहित्यिक पक्षको दृष्टिबाट शैलीवैज्ञानिक अनुसन्धान बुझ्न लेखक या वक्ता पाठक वा श्रोताको दृष्टिबाट पनि शैलीको परिभाषा हेर्नु पर्दछ । लेखकको दृष्टिबाट शैली आत्मसंस्कारवादी वस्तुनिष्ठ प्रकारको हुन्छ । आत्मसंस्कारवादी रूपअनुसार व्यक्तिद्वारा आफ्ना विचारहरूको व्यवस्था र गति अथवा अन्तः करणको वाह्य आकृतिको नाम शैली हो । वस्तुनिष्ठ आधारमा शैली भाषा सामान्यको व्यवस्था भंगद्वारा अर्थको भंगिमाहरूमा समृद्धिको नाम हो । श्रोता पाठक समीक्षकको परिभाषा कथनको भव्य उदात्त रूपलाई लक्षित गर्दछ । आधुनिक शैली वा शैली विज्ञान विस्तारै विकसित हुँदै आज साहित्यिक रचनाका सन्दर्भमा लेखक र पाठकलाई  महत्व नदिएर पाठलाई  महत्व दिन्छ । अब शैलीबाट भाषाको शैली या लेखकको शैली जस्तो कुनै अर्थ ग्रहण गरिदैन । शैलीको अर्थ त पाठको शैलीसँग छ । अव पाठको सीमाभित्र वाक्यका बीच पाइने सम्बन्धलाई शैली भनिन्छ (सिंहल, १९९७, पृ. १६७) । साहित्यिक कृतिका परिप्रेक्ष्यमा भाषा शैलीको विलय साहित्य शैलीमा हुन्छ ।

शैली अमूर्त हुन्छ । यसको ग्रहणमा भाषाका स्तरमा भाषा-संरचनाको विश्लेषण र शब्द बोध सहायक हुन्छन् त्यही पाठका स्तरमा अभिव्यक्तिका उद्देश्य र प्रसंगको विश्लेषण पनि सहायक हुन्छन् । शैलीवैज्ञानिक अनुसन्धानमा पाठका आधारमा अभिव्यक्तिको उद्देश्य र प्रसंगको विश्लेषण नै प्रमुख हुन्छ । भाषाका स्तरमा शैली अन्तर्गत भाषाका विभिन्न उप-व्यवस्थाहरू तथा सामाजिक, शास्त्रीय, साहित्यिक आदि व्यवहारहरूमा अभिव्यक्तिको प्रसंग या उद्देश्य अनुरूप छानिएका भाषागत र शैलीगत उपकरणहरूको भाषाशैलीका रूपमा अध्ययन गरिन्छ । यस विपरीत साहित्यिक स्तरमा शैलीवैज्ञानिक अध्ययन ज्ञानअन्तर्गत साहित्यिक संरचनाका विभिन्न घटक, तिनका विशेषता तथा तिनमा विष्पन्न सौन्दर्य गुण अनुरूप भाषागत शैलीगत उपकरणहरूको अध्ययन गरिन्छ ।

शैलीवैज्ञानिक अनुसन्धानमा कथन भंगिमाबाट प्रसंगलाई खोज्दै उद्देश्यको चिनारीका लागि साहित्यको अध्ययन गरिन्छ । भंगिमाको विश्लेषण संश्लेषणद्वारा साहित्यिक रचनाका भाव हृदयगम गर्ने प्रक्रिया, शैली विज्ञान हो (सिंहल, १९८१, पृ. ७६) । यस प्रकारको अध्ययन एक पाठ, एक कृति, एक विधा, एक लेखक र एक युग मध्ये कसैको पनि अध्ययन हुन सक्तछ ।

## भाषावैज्ञानिक अनुसन्धान

भाषाको अध्ययन नै भाषावैज्ञानिक अनुसन्धान हो । भाषा विज्ञान भाषाको उत्पत्ति, विकास, परिवार, संरचना परिवर्तन आदिलाई सूक्ष्म किसिमले अध्ययन गरिने शास्त्र हो (पोखेल, २०४०, पृ. १०११) । भाषा विज्ञान भाषाको संरचना र त्यसको स्वरूपको विश्लेषक विज्ञान हो । साहित्यकार लेखकको भाषाको संरचनाको विश्लेषणबाट उसको मानसिक संरचनाको जानकारी हुने गर्दछ । साहित्यकारको भाषामा शब्द एवं अर्थ परस्पर संयुक्त हुन्छन् । साहित्यमा प्रयुक्त भाषामा निहित अर्थ जान्नका लागि साहित्यको भाषावैज्ञानिक अध्ययन अपेक्षित हुन्छ । अनुसन्धानका दृष्टिले साहित्यलाई मोटामोटी भाषा र अभिव्यक्त विषय गरी दुई भागमा बाड्न सकिन्छ । यी दुवैको अन्योन्याश्रिततालाई हेर्दा यो विभाजन आत्यन्तिक होइन । यो साहित्यलाई बुझ्न सुगमताका दृष्टिले गरिएको हो । यी दुई वर्गलाई पृथक रूपमा प्रधानता दिदै साहित्यको अध्ययन गर्दा प्राप्त हुने विशिष्ट जानकारीको **महत्व** अक्षुण्ण छ । अभिव्यक्त विषय या अर्थलाई प्रधान मानेर गराइने अनुसन्धान वा अध्ययन साहित्यका प्रवृत्तिहरू, विचारधाराहरू, भावभंगिमाहरू जानकारी हुन्छ । भाषा या शब्दलाई प्रधान मानेर-साहित्यकारको मानसिक संरचना र उसको अभिव्यक्ति पक्षको सूक्ष्मातिसूक्ष्म अर्थ छाँया बुझिन्छ । यस प्रकारको अनुसन्धान वा अध्ययन साहित्यको भाषावैज्ञानिक अनुसन्धान हो (सिंहल, १९८१, पृ. १६४) । भाषा विज्ञान एक स्वतन्त्र विषय हो । यसको अध्ययन क्षेत्रलाई बोली, विभाषा, भाषा तथा भाषाहरूको अध्ययन, लोक साहित्यको अध्ययन, साहित्यको अध्ययन गरी तीन भागमा विभाजन गर्न सकिन्छ । भाषा विज्ञान ज्ञानअन्तर्गत पहिलोमा भाषा शास्त्रीय दृष्टिबाट भाषाको संरचनामा सहायक सबै शाखाहरूलाई आधार बनाएर अध्ययन गरिन्छ । यी शाखामा स्वन विज्ञान, स्वनिम विज्ञान, रूपिम विज्ञान, शब्द रूप प्रक्रिया, वाक्य विज्ञान पर्दछन् । दोस्रोमा भाषालाई व्यावहारिक रूप दिने भाषाविज्ञानका सबै शाखा प्रशाखालाई स्थान दिइन्छ । यसमा अर्थविज्ञान, लेखविज्ञान, शब्दार्थविज्ञान, शब्दकोश विज्ञान, भाषा भूगोल, समाज भाषाविज्ञान, भाषा शिक्षण, अनुवाद आदि पर्दछन् । शैली विज्ञान र पाठालोचन चाहिँ यस ज्ञानअन्तर्गत साविकमा रहे पनि अव अध्ययनका पृथक शास्त्र बनेका छन् ।

भाषाको यस प्रकारको भाषावैज्ञानिक अध्ययनका पद्धति वर्णनात्मक, ऐतिहासिक, तुलनात्मक, प्रयोगिक गरी चार छन् । वर्णनात्मक पद्धतिअन्तर्गत भाषाको रचना प्रक्रियाको समकालिन विश्लेषणात्मक विवेचना गरिन्छ । ऐतिहासिक पद्धतिअन्तर्गत कुनै भाषाको विकासको शृङ्खलाको अन्वेषण गरिन्छ । तुलनात्मक पद्धतिमा कुनै एक भाषाको समकालिक भाषा या भाषाहरूका साथ संरचनात्मक विशेषताहरूको तुलनात्मक आधार विश्लेषण गरिन्छ । प्रयोगात्मक पद्धतिमा भाषाको अन्यत्र उपयोग जस्ता यान्त्रिक उपकरण शब्दकोश निर्माण, लिपि सुधार इत्यादिमा विचार गरिन्छ । भाषाविज्ञानको यस प्रकारको अध्ययनलाई स्वतन्त्र क्षेत्रीय अध्ययन नै भनिन्छ । जुन भाषालाई लिएर यो अध्ययन गरिन्छ त्यही भाषा विशेषको अध्ययन पनि भनिन्छ । अनुसन्धानका स्तरमा भाषाको यस प्रकारको अध्ययन साहित्यलाई आधार बनाएर गर्दा त्यसमा पर्याप्त अन्तर आउँछ । अध्ययन प्रणालीमा अंशमा केही समानता भएर पनि त्यस समय अध्ययनको लक्ष्य प्रत्यक्षतः भाषाको अध्ययन नभएर साहित्यकार वा कृतिको अध्ययन हुन्छ । यस प्रकारको अध्ययनद्वारा भाषाको विश्लेषण अभिव्यक्ति विषयका अर्थ छविहरूको उद्घाटन हुन्छ । यसबाट साहित्यकारको मानसिक संरचना बुझ्न सकिन्छ । लोक साहित्यका सन्दर्भमा यस प्रकारको जानकारी सामूहिक आदिम लोकमानसको संरचनाका बारेमा लगाइन्छ । यसप्रकार भाषा वैज्ञानिक अनुसन्धानको साहित्यिक विश्लेषणद्वारा सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिकको अध्ययन हुने गर्दछ । भाषावैज्ञानिक अनुसन्धानलाई शब्दावलीको स्रोत र व्युत्पत्ति परकका दृष्टिले पनि अध्ययन गर्न सकिन्छ ।

**मनोवैज्ञानिक अनुसन्धान**

मनको अध्ययन नै मनोवैज्ञानिक अनुसन्धान हो । आधुनिक कालमा ज्ञान विज्ञानका अनेक क्षेत्र अलग अलग भएका छन् र सबैको विकास स्वतन्त्र रूपले भइरहेको छ । प्राचीन, माध्यमिक र आधुनिक कालका विशेषज्ञ अलग अलग पाइन्छन् । साहित्यिक अनुसन्धानका लागि नियमित पठनका साथ मनन र तदनुसार लेखन कार्यको आवश्यकता रहन्छ । बर्टेण्ड रसेल भविष्यमा शक्तिको मनोभावले प्रेमको मनोभाव पूरा पराजित गर्ने गर्दछ, भन्छन् । रसेल प्रेमी, कवि र रहस्यवादीलाई प्राप्त हुने सन्तोष त्यसको अनुभूति शक्तिका अन्वेषीलाई कदापि नहुने ठान्छन् । साहित्यिक अनुसन्धानमा खास गरेर आधुनिक जीवनको परिप्रेक्ष्यलाई पूरा गर्ने प्रयत्न गर्नु पर्दछ । यस सन्दर्भमा रसेलले खोजेको समस्याको मनोवैज्ञानिक समाधान खोज्नु आवश्यक छ । समकालिन लेखन सामाजिक सन्दर्भलाई  महत्व दिन्छ । यस प्रयत्नमा व्यक्ति र समाज दुवै मुक्तभावबाट निकट आउनु पर्दछ (राजुरकर, १९९७, पृ. ञ) । अनुसन्धानकर्ताहरूको कार्य जीवनको जटिलता र दुरूहतालाई बौद्धिक आधार दिनु हो, जो छ त्यसलाई स्पष्ट रूपमा बुझाएर भन्नु हो ।

मनोवैज्ञानिक स्तरमा अर्न्तविषयात्मक अनुसन्धान एक अनिवार्य र अपेक्षाकृत अधिक व्यापक छ । मनोविज्ञान मानिसका मनको प्रकृति, उसका विभिन्न अवस्था तथा क्रिया र त्यसको प्रभाव आदिको अध्ययन विश्लेषण गर्ने विज्ञान वा शास्त्र हो । मनोविश्लेषणले मनको विश्लेषण गर्दछ (पोखेल, २०४०, पृ. १०४८) । मनोविज्ञान मनको संरचना क्रिया र व्यवहारको अध्येता विज्ञान हो । यस अध्ययनज्ञानअन्तर्गत मनुष्यका व्यवहारलाई बुझ्नु, त्यसका भावी रूपलाई पत्ता लगाउनु र त्यसमा नियन्त्रण गर्नु पर्दछन् । प्राचीनकालमा यी सबै अध्ययनलाई  तत्व ज्ञानअन्तर्गत ठानिन्थ्यो । आज यस मनोविज्ञानलाई नीतिशास्त्र जस्तो आदर्शवादी मानिदैन, किनकि वस्तुनिष्ठता र प्रायोगिक पद्धतिसँग बाँधिएको कारण यसलाई विज्ञान मानिन्छ ।

मनोविज्ञान शब्दको सर्वप्रथम प्रयोग सत्रौं शताब्दीमा पाइएतापनि यसपूर्व नै मानवका मानसिक क्रिया व्यापार वा व्यवहारमा विचार गरिएको पाइन्छ । ऋग्वेदमा मानस हृद (हृदय) शब्दको प्रयोग पाइन्छ (चलेर, १९९७, पृ. १०) । वैदिक ऋषि मनस्थितिहरूका विभिन्न धरातलबाट विभिन्न प्रकारका कविता जन्मन्छन् भन्ने कुरासँग सबै अवगत थिए (सिंहल, १९८१, पृ. १६१) । डा. हरिचन्द्र वर्माको खोज अनुसार "फ्रायडद्वारा प्रवर्तित आधुनिक मनोविश्लेषण शास्त्रमा भएको विवेचनाको व्यावहारिक उदाहरण ऋग्वेदमा सुलभ छ  (चलेर, १९९७, पृ. ४९) । भारतीय दर्शनका सांख्य, न्याय, वैशेषिक, वेदान्तमा मनोवैज्ञानिक प्रश्नका गहिराइसम्म विचार गरिएको छ ।  सख्यामा मनको अध्ययन र मुण्डकोपनिषद हृदय ग्रन्थि र गुहाग्रन्थि शब्दको प्रयोग, गीतामा मन, बुद्धि, अहंकार, चित्त, राग, द्वेष, गुण, श्रद्धा, हृदय-दौर्बल्य, द्वन्द्व, द्वन्दातीत, हृदयग्रन्थि, काम, क्रोध, अहंकार आदि प्रशस्त मनोवैज्ञानिक शब्द प्रयुक्त छन् (सिंहल, १९८१, पृ. १६१) । आधुनिक कालमा आएर विषय र शास्त्र मध्ये मनोविज्ञान पनि एक हो । यो एक यस्तो शाखा जसको साहित्यसँग धेरै घनिष्ट सम्बन्ध छ । किनकि साहित्यले मानवीय मन र क्रियाकलापलाई चित्रण गर्दछ र मनोविज्ञानले त्यसको विश्लेषण गर्दछ ।

मनोविज्ञान नै एक यस्तो विद्याशाखा हो जो भक्ति, रहस्यवाद, धर्म दर्शन, आध्यात्मिकता र सौन्दर्य शास्त्रीय व्याख्याका क्षेत्रमा समेत उपयोगी छ (सिंहल, १९८१, पृ. १६२) । मनोविज्ञानका कैयौ शाखाहरू र संप्रदाय विकसित भएका छन् । तिनमा बाल मनोविज्ञान, असामान्य मनोविज्ञान वा मनोविकृति चिकित्सा मनोविज्ञान, औद्योगिक मनोविज्ञान प्रमुख छन् । साहित्यिक अनुसन्धान यी संप्रदाय वा शाखाका अधीन

त्यति अपेक्षित छैन जति मनोविज्ञानको समवेत रूपसँग छ। साहित्यमा भावहरू र मनोवेगहरूको चित्रण हुन्छ र भाव तथा मनोवेगको अध्ययन मनोविज्ञानको केन्द्रविन्दु हो। यसैले मानवीय व्यवहारको यथार्थ स्वरूपको चिनारीका लागि साहित्यको मनोवैज्ञानिक अध्ययन अनिवार्य छ । हर्वर्टरीडका अनुसार मनोवैज्ञानिक मानसिक प्रक्रियासम्म पुग्नका लागि रचनाको विश्लेषण गर्छ यस दृष्टिले कला त्यति महत्वपूर्ण छ ( गुप्ता, १९६७, पृ.४०)। यस प्रकार मनोवैज्ञानिक अनुसन्धान साहित्यशास्त्रीय सिद्धान्तहरूमा पनि केही न केही नयाँ जोड्ने क्षमता राख्दछ ।

साहित्यको मनोवैज्ञानिक अनुसन्धानका कैयौं प्रकारका आधार हुन सक्छन् । साहित्यमा प्रतीकहरूको धेरै महत्व हुन्छ। मनोविज्ञानका प्रतीकहरूले मूल उद्गमसम्म पुगेर तिनलाई विश्लेषण गर्छ। यसप्रकार साहित्य मनोविश्लेषणका लागि जीवन प्रवाहबाट मूल विम्ब र सहज अनुभवहरूमा वाह्य यथार्थका समाजपरक व्याख्याको आधार जुटाउछ । मनोविज्ञानले काव्य प्रेरणालाई पनि व्याख्या गर्छ । मनोविज्ञान अनुसार प्रेरणाका सन्दर्भमा कलाकार एक स्तरमा आफ्नो चेतन नियन्त्रणबाट मुक्त भएर आद्य मानस अवचेतनामा प्रवेश गर्छ जहाँबाट त्यसलाई नयाँ तात्विक शक्ति प्राप्त हुन्छ। यो असंबद्ध अति कल्पना भएर पनि समृद्ध हुन्छ । यसप्रकार मनोविज्ञानले कलाकारका मनको रोमाण्टिसिज्म र क्लासिसिज्मको द्वन्द्वलाई पनि व्याख्या गर्छ । यस्तै मनोविज्ञानले मिथकीय विश्लेषणद्वारा मिथकीय आलोचनाको निर्धारणमा योगदान दिन्छ।

**समाजशास्त्रीय अनुसन्धान**

समाजशास्त्रीय अनुसन्धान समाज र यसका संरचनाको सैद्धान्तिक अध्ययन गर्ने विधा हो। मानव समाज तथा संस्कृतिको उत्पत्ति, विकास आदिको विवेचना गरिएको शास्त्र समाजशास्त्र हो (पोखेल, २०४०, पृ. १३०७)। समाजशास्त्र शब्द अंग्रेजीको सोसोलोजीको नेपाली रूपान्तरण अनुवाद हो। यो शब्द ल्याटिनको सोशियम, ग्रिकको लागससँग मिलेर बनेको छ। समाजशास्त्रमा समाजका मूल संरचना तथा समाजका दुर्वल वा संगठित गर्ने सबै तत्वको अध्ययन गरिन्छ। सामाजिक सम्बन्ध वा समाजलाई प्रभावित गर्ने तत्वहरूको केही अध्ययन अर्थशास्त्र, मनोविज्ञान र अन्य समाजविज्ञानमा पनि हुन्छ । त्यसो भए तापनि समाजशास्त्र एक सर्वथा स्वतन्त्र विज्ञान वा शास्त्र हो (सिंहल, १९९७, पृ. १६) । समाजसँग सम्बन्धित सबै शास्त्र कुनै न कुनै रूपमा समाजशास्त्रका ऋणी हुन्छन्। कुनै क्षेत्र विशेषको अध्ययनका लागि केही सिद्धान्त निश्चित भएमा त्यस प्रकारका सिद्धान्तावलीलाई त्यस क्षेत्रको शास्त्रको संज्ञा दिइन्छ। समाजशास्त्रमा समाजको अध्ययन गरिने सिद्धान्त रहन्छ। शास्त्रीय अध्ययन सदैव वैज्ञानिक अध्ययन हुने भएकाले समाजशास्त्रीय अध्ययन पनि समाजको वैज्ञानिक अध्ययन नै हुन्छ।

विश्वका सबै भौतिक अभौतिक वस्तुहरूको एक स्वरूप हुन्छ र यस स्वरूपको निर्माणमा अनेक अन्तर्वस्तुको योगदान रहन्छ । समाजका सन्दर्भमा प्रतिस्पर्धा, सहयोग, अधिनता, श्रमविभाजन आदि सम्बन्धका केही स्वरूप भएका ठाउँमा राजनीति, धर्म, अर्थ, दर्शन आदि अन्तर्वस्तुहरूसम्म सीमित हुन्छ। जब कि समाजशास्त्रमा सामाजिक सम्बन्धको स्वरूपको पनि अध्ययन गरिन्छ। प्रस्तुत यी अध्ययन प्रमुख हुन्छन्। समाजशास्त्रको यस अध्ययन प्रणालीलाई सम्प्रदाय अन्तर्गत ग्रहण गरिन्छ।

समाजशास्त्रको अर्को सम्प्रदाय समन्वयात्मक सम्प्रदायमा अन्य समाज विज्ञानमा अध्ययन गरिने अन्तर्वस्तुहरूका अतिरिक्त यस्तो परिस्थितिलाई पनि अध्ययन गरिन्छ । जसको अध्ययन अन्य समाज विज्ञानमा गरिँदैन । समन्वयात्मक सम्प्रदायको अध्ययन क्षेत्रमा आउने अध्ययन सामग्रीलाई सामाजिक संरचनाशास्त्र, सामाजिक दैनिकी, सामान्य समाजशास्त्र गरी तीन भागमा बाँड्न सकिन्छ। सामाजिक संरचनाशास्त्रमा सामाजिक संगठनलाई प्रभावित गर्ने विभिन्न प्रकारका भौगोलिक आधारलाई अध्ययन

गरिन्छ । सामाजिक दैनिकी अन्तर्गत धर्म, दर्शन, राजनीति आदिलाई समाजको विविध अङ्ग मानेर तिनलाई अध्ययन गरिन्छ । सामान्य समाजशास्त्र पक्ष अन्तर्गत समाजका विभिन्न अङ्गमा व्याप्त सामान्य तथ्यहरू खोजेर तिनलाई अध्ययन गरिन्छ । साहित्यमा समाजशास्त्रीय अनुसन्धान अनिवार्य छ । साहित्य व्यक्ति, समुदाय, परिवार, संस्थाहरू र मूल्यहरूको ह्रास, विघटन तथा सांस्कृतिक प्रभाव लिएर हिँड्छ । सामाजिक परिवर्तन जहाँ सामाजिक संरचना, परिवर्तन र त्यसको नवगठन गर्छ । त्यही साहित्य आफ्नो दायित्व यस वस्तुस्थितिको भावात्मक चित्रण गर्छ ।

समाजशास्त्रीय अनुसन्धानको प्रक्रिया अर्न्तविषयात्मक अनुसन्धान अन्तर्गत आउने कुनै पनि अनुसन्धानदृष्टिमा तथ्याश्रित हुन्छ । अनुसन्धानकर्ताले पहिले अनूसन्धेय, रचनाहरूमा सम्भाव्य तत्वहरूको प्रकारमा समाजशास्त्रको अध्ययन गर्दै आफ्नो अनुसन्धानको सिद्धान्त पक्ष तयार गर्नु पर्दछ । यसका लागि त्यसको अध्ययन अत्यन्त सूक्ष्म र गम्भिर हुनु पर्दछ । किनकि यसैका आधारमा पछि अनुसन्धान प्रस्तुत गर्नु पर्दछ ।

## निष्कर्ष

यो अनुसन्धान आधुनिक साहित्य र अनुसन्धानसँग सम्बद्ध विषयमा केन्द्रित रहेको छ । अर्न्तविषयक साहित्यिक अनुसन्धानमा सौन्दर्यशास्त्रीय, शैलीवैज्ञानिक, मनोवैज्ञानिक र समाजशास्त्रीय स्वरूपसँग आधुनिक साहित्य र अनुसन्धानको अवस्था कस्तो रहेको छ भन्ने समस्यासँग सम्बन्धित भएर यो अनुसन्धान गरिएको छ । यसमा व्याख्यात्मक विधिको उपयोग गरिएको छ । आधुनिक साहित्य अनुसन्धान पद्धति वैज्ञानिक पद्धति हो । यसको अध्ययन बहुविषयक र बहुविधिको समायोजनका रूपमा गरिन्छ । हरेक विषयका बीचमा विभिन्न अर्न्तविषयक पक्ष गाँसिएका हुन्छन् । सामाजिक, आर्थिक, राजनीतिक, दार्शनिक, साहित्यिक जस्ता कुनै पनि विषयको अर्को विषयसँग सहसम्बन्ध राखेर मात्र पुनः अध्ययन गर्न सकिन्छ । एउटा विषय मात्र नभएर अर्न्तविषयात्मक पद्धतिबाट आजको अध्ययन अघि बढाइने भएकाले जटिल मिश्रित विशिष्टिकृत अध्ययन अनुसन्धानका रूपमा आधुनिक साहित्य अनुसन्धानलाई लिन सकिन्छ । यसै आधारमा साहित्यको अध्ययन वा अनूसन्धान गर्दा सौन्दर्यशास्त्रीय, शैलीवैज्ञानिक, भाषावैज्ञानिक, मनोवैज्ञानिक, समाजशास्त्रीय जस्ता विभिन्न वा तीमध्ये कुनैसँग सम्बन्धित भएर अध्ययन गर्न सकिने र त्यसबाट नै अध्ययनमा पूर्णता आउन सक्छ भन्ने यसको प्राप्ति र निचोड रहेको छ ।

## सन्दर्भसामग्री


गजानन, माधव (१९८९ ई.), *समीक्षा की समस्याएँ,* दोस्रो सं., नयाँ दिल्ली राजकमल प्रकाशन ।

गुप्ता, एन. दास (१९६७ ई),. इङ्गलिस लिट्रेचर अफ ट्वेन्टीथ् सेन्चुरी, ग्वालीयरः कितावघर ।

गुप्ता, ए.एन र गुप्ता सतीश (१९८३ ई.), *ए डिक्शनरी अफ लिटरटी* टमर्स, वरेली प्रकाशन बुक्स डिपो।

गुप्ता, सुरेशचन्द्र (१९६७ ई.), *शोध समीक्षा,* आगराः प्रकाशन ।

चलेर, जनार्दन राव (१९९७ ई.), *आधुनिक साहित्य और अनुसन्धान* ।

जर्ज, एलेन र अन्य (१९७९ ई.), *डिक्शनरी अफ वर्ल्ड लिटरेटी टर्म्स,* संम्पा.सिप्ले जोसेफ टी, लण्डन ।

पोखेल, बालकृष्ण र अन्य (२०४०), *नेपाली वृहत् शब्द कोश,* काठमाडौँः नेराप्रप्र ।

बन्धु, खेमनाथ (२०३३), *अनुसन्धान परिचय,* काठमाडौँः नौलो नेपाली प्रकासन ।

बन्धु चूडामणि (२०५२), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौँः रत्नपुस्तक भण्डार ।

बराल, ऋषिराज (२०५५), *उपन्यासका सौन्दर्यशास्त्र,* काठमाडौँः साझा प्रकाशन ।

राजुरकर, बोरा (१९९७ ई.), *आधूनिक साहित्य और अनुसन्धान,* राजमहल ।

शर्मा, मोहनराज (२०४८), *शैली विज्ञान,* काठमाडौँ: नेराप्रप्र ।
शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* काठमाडौँ: नेराप्रप्र ।
सिहंल, शशिभूषण (१९८१ ई.), *हिन्दी साहित्य विधाऐ और दिशाए,* दिल्ली : प्रवीण प्रकाशन ।
सिंहल, वैजनाथ (१९९७ ई.), *आधुनिक साहित्य और अनुसन्धान,* दिल्लीः नेशनल पब्लिसिङ्ग हाउस ।
सीदारोव, य (१९८७ ई.), साहित्य और सौन्दर्य शास्त्र, नई दिल्लीः साहित्य अकादमी ।